पाल्हीनन्दन गाउँपालिका
नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश

# पाल्हीनन्दन राजपत्र

खण्ड: ६ संख्या: १ मितिः २०७९/०४/०२

## भाग-१

## पाल्हीनन्दन गाउँपालिका

# पाल्हीनन्दन गाउँपालिकाको शिक्षा ऐन, २०७९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पाल्हिनन्दन गाउँपालिकाको गाउँसभाले बनाएको गाउँ शिक्षा ऐन, २०७९ सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

प्रस्तावनाः राष्ट्रिय विकासका लागि पाल्हिनन्दन गाउँपालिका अन्तर्गतका विद्यालय उमेर समूहका सबै बालबालिकाका लागि उच्चगुणस्तरको जीवन पर्यन्त सिकाईद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सर्वसुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न यस गाउँपालिकामा स्थापना भई सञ्चालन भैरहेका तथा स्थापना हुने विद्यालयहरूको गुणस्तर तथा व्यवस्थापनमा सुधार गर्दै विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को बुदा नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-५ दफा २०, २१, १०२ (१) बमोजिम पाल्हिनन्दन गाउँपालिकाको गाउँसभाले यो ऐन बनाई जारी गरेकोछ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः-

क) यस ऐनको नाम "पाल्हिनन्दन गाउँपालिकाको शिक्षा ऐन, २०७९" रहेको छ ।

ख) यो ऐन पाल्हिनन्दन गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।



बैजु प्रसाद गुप्ता(दिपक)
अध्यक्ष
पाल्हीनन्दन गाउँपालिका

ग) यो ऐन पाल्हिनन्दन गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

क) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ । यस शब्दले मन्टेश्वरी, नर्सरी तथा केजि लाईसमेत बुझाउने छ ।

ख) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

ग) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

घ) "निम्न माध्यमिक शिक्षा" भन्नाले कक्षा छ देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

ङ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाहसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

च) "गाउँपालिका" भन्नाले पाल्हिनन्दन गाउँपालिका सम्झनु पर्छ ।

छ) "गाउँ सभा" भन्नाले पाल्हिनन्दन गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

ज) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

झ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छः-

१) दृष्टिविहिन, न्यून दृष्टियुक्त बहिरा, सुस्त श्रवण, अटिज्म बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रहि दिइने शिक्षा ।

२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

ञ) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय वा सस्थागत विद्यालय सम्झनु पर्दछ ।

ट) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

ठ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाहसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

ड) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार र पाल्हिनन्दन गाउँपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

ढ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

ण) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

त) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत् शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

थ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ । नियम, कार्यविधि, निर्देशिका नवन्दा सम्म संघिय शिक्षा ऐन तथा नियमावली बमोजिम सम्झनु पर्दछ ।

द) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

ध) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार र गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

न) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

प) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

फ) "परम्परागत धार्मिक विद्यालय" भन्नाले चलि आएका गोन्पा गुरुकुल आश्रम मदरसा जस्ता धार्मिक विद्यालय सम्झनु पर्दछ ।

ब) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जनु सुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउछँ ।

भ) "आभारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तह (कक्षा ८) को अन्त्यमा हुने परीक्षालाई बुझाउने छ ।

म) "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा" (सेकेण्डरी एजुकेशन एक्जामिनेशन) भन्नाले माध्यमिक तह (कक्षा १०) को अन्त्यमा हुने परीक्षालाई बुझाउने छ ।

य) वडा शिक्षा समिति भन्नाले वडाभित्रका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने कामको लागि बनेको समिति सम्झनु पर्दछ ।

र) "तालिम केन्द्र" भन्नाले यस ऐन वमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्ने संस्थालाई जनाउँछ ।

ल) "पुस्तकालय" भन्नाले नेपाल सरकार/गाउँपालिकाबाट अनुमति लिई संचालन भएको विभिन्न पुस्तकहरू संग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था जनाउँछ ।

व) "शैक्षिक परामर्श केन्द्र" भन्नाले शैक्षिक परामर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकारवाट वा यस गाउँपालिकाबाट अनुमति वा स्वीकृत प्राप्त संस्थालाई जनाउँछ ।

श) "संघिय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन संझनु पर्दछ ।

ष) "प्रादेशिक शिक्षा ऐन" भन्नाले प्रादेशिक संसदले बनाएको शिक्षा ऐन संझनु पर्दछ ।

स) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रूपमा काम गर्न तोकिएको अधिकारी सम्झनु पर्दछ।

ह) "शिक्षा अधिकारी" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख संझनु पर्दछ ।

क्ष) "शिक्षा समिति" भन्नाले गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ ।

त्र) "शिक्षा शाखा" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा संझनु पर्दछ ।

ज्ञ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत् विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ ।



बैजु प्रसाद गुप्तादिपका
अध्यक्ष

३. **माध्यमिक शिक्षाको प्रकार**:- माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्:-

क) साधारण माध्यमिक शिक्षा,

ख) संस्कृत माध्यमिक शिक्षा,

ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

४. विद्यालयको अनुमति, स्वीकृति, वर्गीकरण र समायोजन तोकिए बमोजिम हुनेछ ।

५. **शिक्षाको माध्यम**:-

१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ:-

क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ, ।

ख) गैरनेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टामा तोकिएका अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ,

घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. विद्यालय संचालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था :

(१) विद्यालय तोकिए बमोजिमको आधारमा अनुमति लिई संचालन गर्नुपर्नेछ ।

(२) गाउँपालिकाले तोकिए बमोजिमको आधारमा विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न वा कक्षा थपघट गर्न सक्नेछ ।

८. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक**:- विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नु पर्छ । नेपाल सरकारले तोकेको मापदण्डभित्र रही गाउँपालिकाले स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन गर्न सक्नेछ ।

९. **गाउँ शिक्षा समिति**:-

१)गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्न देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :-

क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष,

ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य,

ग) गाउँपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक -सदस्य,

घ) गाउँपालिकाले तोकेको गाउँसभाका सदस्यहरू मध्येबाट कम्तिमा एकजना महिला पर्ने गरी दुई जना -सदस्य



बैजु प्रसाद गुप्ता(दिपक)

ङ) विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना सदस्य

च) स्थानीय समाजसेवी वा शिक्षा विदहरूमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको कम्तीमा एकजना दलित तथा अल्पसंख्यक सहित दुईजना -सदस्य

छ) सामुदायिक र संस्थागत विद्यालयका शिक्षक्र तथा प्रधानाध्यापकहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको सामुदायिक र संस्थागत विद्यालयबाट एक/एक जना पर्ने गरी दुई जना -सदस्य

ज) गाउँपालिका भित्रको नेपाल शिक्षक महासंघका अध्यक्ष वा प्रतिनिधि -सदस्य

झ) गाउँपालिकाका शिक्षा प्रमुख - -सदस्य सचिव

२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल २ वर्षको हुनेछ ।

३) शिक्षा समितिको बैठक कम्तिमा प्रत्येक चौमासिकमा एक पटक बस्नेछ । शिक्षा समितिको बैठक भत्ता कार्यपालिका सरह हुनेछ ।

४) गाउँ शिक्षा समितिको बैठक सो समितिको अध्यक्षको निर्देशनमा सदस्यसचिवले बोलाउनेछ ।

५) गाउँ शिक्षा समितिका तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक सख्या पुगेको मानिनेछ । बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछन् ।

६) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि गाउँ शिक्षा समितिले पदमुक्त गर्न सक्नेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकावाट बञ्चित गरिने छैन ।

१०. गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

क) गाउँपालिका भित्रको आवधिक शैक्षिक योजना तयार गरी कार्यान्वयन गर्ने,

ख) गाउँपालिका क्षेत्र भित्र नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्नका लागि आवश्यक कागजातसहित निवेदन दिएमा नक्शांकनलाई समेत विचार गरी कार्यपालिकामा रायसहित कागजातहरु पेश गर्ने ।

ग) विद्यालयको लागि आवश्यक साधान श्रोत जुटाउने र परिचालन गर्ने, गराउने,

घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तहको परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

ङ) गाउँपालिकामा सुचिकृत भएका सूचीकृत लेखा परीक्षक मध्येवाट लेखा परीक्षकको नियुक्ति गर्ने ।

च) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरूक र सजग वनाउने,

छ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

झ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

ञ) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने÷गराउने,

ट) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरू निर्धारण गर्ने,

५

बैजु प्रसाद गुप्ता(दिपक)
अध्यक्ष
... गाउँपालिका

ठ) शैक्षिक संस्थासँग आबद्ध शिक्षक कर्मचारीहरूलाई आवश्यक प्रोत्साहन पुरस्कार दण्ड, सजायसम्बन्धी कार्य गर्ने गराउने,

ड) अस्थायी करार राहत तथा गाउँपालिकाको स्रोतबाट शिक्षकहरूको छनौटको लागि बिषय विशेषज्ञहरूको छनौट गरेर सूची प्रकाशन गर्ने,

ढ) गाउँपालिका भित्र स्थापना भएका पुस्तकालय, वाचनालय र सामुदायिक सिकाइ केन्द्रको संवर्धन, संरक्षण तथा अनुमति प्रदान गर्ने,

ण) गाउँपालिका क्षेत्र भित्र अनुमति प्राप्त गरी संचालन भएका शैक्षिक परामर्श केन्द्र, विभिन्न प्रकारका कोचिङ सेन्टर आदिको अनुगमन तथा निरीक्षण, नियमन गर्ने । नयाँ सस्था स्थापना गर्न अनुमति माग भएमा तोकिएको पूर्वाधार पुगेका संस्थाहरूलाई अनुमति प्रदान गर्ने,

त) तोकिएको मापदण्डका आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरबन्दी मिलान गर्ने,

थ) शिक्षा शाखाको सिफारिशमा गाउँपालिकाभित्रका सामुदायिक विद्यालयका शिक्षकहरुको सरुवा गर्ने,

द) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा सञ्चालन अनुमति अनुगमन मूल्यांकन नियमनसबन्धी कार्य गर्न गराउने

ध) शिक्षण सिकाई शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकाससम्बन्धी कार्य गर्ने गराउने ।

न) गाउँपालिका क्षेत्रभित्र विशेष आवश्यकता भएका बालबालिकाहरुको तथ्यांक संकलन गरी उनिहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोहीअनुसारको पठनपाठनको व्यवस्था मिलाउने ।

प) आफ्नो क्षेत्रभित्र विशेष शिक्षा तथा समावेशी शिक्षा गुरुकुल मदरसा गुम्बाबाट प्रदान गरिने शिक्षासम्बन्धी योजना तर्जुमा गर्ने ।

फ) बार्षिक शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा शाखामार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने ।

ब) सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुको करार सम्झौता गर्ने गराउने ।

भ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

११. **प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारः–** प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१२. **शिक्षा अधिकारीः–** शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१३. **सामुदायिक सिकाइ केन्द्रः-** गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

१४. **अध्यापन अनुमतिपत्रः-** यो ऐन प्रारम्भ भए देखि विद्यालयमा नियुक्त हुन तोकिए बमोजिमको अध्यापन अनुमतिपत्र लिएका व्यक्ति मात्र शिक्षक पदमा उम्मेदवार हुन योग्य हुनेछन् ।

१५. **छात्रवृत्तिको व्यवस्थाः-** गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरुलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।



बैजु प्रसाद गुप्ताचिपल्ला
अध्यक्ष

१९. **प्रारम्भिक बालशिक्षा सम्बन्धी व्यवस्था:-** प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. **प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान:-** गाउँपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिमको आधारमा अनुदान रकम दिन सक्नेछ ।

२१. स्वयंसेवक कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था: विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न गाउँपालिकाले आवस्यकता अनुसार विद्यालय स्वयंसेवक कर्मचारी प्रक्रिया पुर्याई नियुक्त गर्न सक्नेछ ।

२२. विद्यालय व्यवस्थापन समितिः-

१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख, व्यवस्थापन र अनुगमन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

क) अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका दुई जना महिला सहित चार जना - सदस्य

ख) विद्यालय रहेको सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट वडा समितिले मनोनयन गरेको एक जना -सदस्य

ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला -सदस्य

घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

ङ) विद्यालयका शिक्षकहरुले आफूहरूमध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि एकजना -सदस्य

च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

२) उपदफा १ को खण्ड (क), (ग) वा (घ) बमोजिमका सदस्यहरुमध्येबाट शिक्षा समितिबाट मनोनित व्यक्ति सो समितिको अध्यक्ष हुनेछ ।

३) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्म लागि सो समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन ।

४) विद्यालय स्तरीय बाल क्लवले मनोनयन गरेको एक जना छात्र र एक जना छात्रा बाल क्लवका प्रतिनिधी आमन्त्रित सदस्यको रूपमा रहनेछन् ।

५) व्यवस्थापन समितिको अवधि ३ वर्षको हुनेछ । समितिले म्याद सकिनु भन्दा कम्तिमा एक महिना अगावै बहालवाला व्यवस्थापन समितिले नयाँ व्यवस्थापन समितिको गठन गरी पदभार हस्तान्तरण गर्नु पर्नेछ यसो हुन नसकेमा वा व्यवस्थापन समितिको गठन विवादित भएमा तोकिएबमोजिम व्यवस्थापन समितिको गठन गाउँपालिकाले गर्नेछ ।

६) विद्यालय व्यवस्थापन समितिको बैठकमा शिक्षा अधिकृतलाई पर्यवेक्षककोरुपमा भाग लिन आमन्त्रण गरिनेछ

७) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।



बिजु प्रसाद गुप्ता(दिपक)
अध्यक्ष

८) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँपालिका अध्यक्षबाट मनोनित भएका एक जना -अध्यक्ष

ख) अभिभावकहरुमध्येबाट एक जना महिलासमेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना-सदस्य

ग) विद्यालय रहेको सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट वडा समितिले मनोनयन गरेको एकजना -सदस्य

घ) पालिकाको शिक्षा हेर्ने अधिकृत वा निजले तोकेको व्यक्ति -सदस्य

ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना -सदस्य

छ) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

९) दफा ८ खण्ड (क), र (ख) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

१०) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः–सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

घ) विद्यालयको वार्षिक बजटे स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

छ) विद्यालयमा रिक्त रहेको शिक्षक पदपूर्तिका लागि विज्ञापन गर्न अनुमतिका लागि शिक्षा शाखामा लेखी पठाउनु पर्नेछ र सो शाखाबाट अनुमति प्राप्त भएमा विज्ञापन गरी तोकिएको प्रक्रिया अवलम्बन गरी शिक्षक नियुक्ती गर्न सकिनेछ । यसरी नियुक्त हुने शिक्षकको लागि अध्यापन अनुमतिपत्र अनिवार्य गरिनेछ ।,

ज) गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

झ) रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन शिक्षा समितिमा पेश गर्ने,

ट) तोकिए बमोजिम विद्यालय सञ्चालन गर्ने र पठनपाठन गर्ने, गराउने,

ठ) शिक्षा समिति र शिक्षा शाखाले दिएको निर्देशनहरूको पालना गर्ने,

ड) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ती वा बढुवा भएका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने ।



बैजु प्रसाद गुप्ता(दिपक)
अध्यक्ष

ढ  शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा संघीय शिक्षा नियमावली बमोजिम शिक्षक अभिभावक सघ गठन गर्ने ।

ढ) विद्यालयले गरेको बार्षिक क्रियाकलापको सामाजिक परीक्षण गराउने ।

त) विद्यालयमा अतिरिक्त क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने ।

थ) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने ।

द) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारवाही गर्ने ।

ध) विद्यालय सुधार योजना निर्माण गरी कार्यान्यन गर्ने ।

न) शिक्षक तथा कर्मचारीको अभिलेख अद्धावधिक गराई राख्न लगाउने ।

प) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अधिल्लो शैक्षिक वर्षको आय व्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने ।

फ) विद्यार्थीहरुलाई उपलब्ध गराएको छात्रवृत्ती वितरण गर्ने ।

ब) विद्यालयमा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र प्रभावकारिताको जाँचबुझ गर्ने ।

भ) अन्य कार्य तोकिएबमोजिम हुनेछ ।

११) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

ङ) विद्यालयले नेपाल सरकार, र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा
पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने, पाठ्यक्रमलाई सहयोग पुग्ने खालका स्वीकृतसन्दर्भ स्रोत सामग्री प्रयोग गर्ने,

च) तोकिए बमोजिम विद्यालय सञ्चालन र पठनपाठन गर्ने, गराउने,

छ) प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पुरा गरेका व्यक्तिलाई मात्र शिक्षक पदमा नियुक्ति गर्ने,

ज) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

झ) आचारसंहिता विपरित कार्य गर्ने शिक्षक, कर्मचारीलाई कारवाही गर्ने,

ञ विद्यालयले विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्नेछ ।

ट) अतिरिक्त क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने ।

ठ) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने ।

ड) सस्थागत विद्यालयबाट उपलब्ध गराइने दश प्रतिशत छात्रवृत्ती गरीव तथा जेहान्दार विद्यार्थीहलाई उपलब्ध गराउने प्रयोजनका लागि तोकिएको समितिबाट निर्णय गराइ उपलब्ध गराउने र त्यसरी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामावली गाउँपालिकामा शैक्षिक शत्र सुरु भएको २ महिनाभित्र पठाउनु पर्नेछ ।



बैजु प्रसाद गुप्ता(दिपक)
अध्यक्ष

ढ) प्रत्येक सस्थागत विद्यालयले लेखा तथा सामाजिक परीक्षण गराइ त्यसको प्रतिवेदन शिक्षा शाखामा पठाउनु पर्नेछ ।

ण) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) तोकिएको समयमा तयार गर्न लगाउने र अद्यावधिकसमेत गर्न लगाउने ।

त) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नियम, नीति तथा निर्देशनहरूको पालना गर्ने,

१२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२३. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:-**

(१) देहायको अवस्थामा विद्यालय व्यवस्थापन समितिलाई गाउँ शिक्षा समितिले विघटन गर्न सक्नेछ:

क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा

ख) विद्यालयको शैक्षिक वातावरण खल्बलाएमा ।

ग) नेपाल सरकार प्रदेश सरकार तथा गाउँपालिकाको नीति विपरित काम गरेमा

घ) विद्यालयको व्यवस्थापन सन्तोषाजनकरुपमा गर्न नसकेमा ।

ङ) सम्बन्धित निकाय वा अधिकारिले दिएको निर्देशन पालन नगरेमा ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

२) यस गाउँपालिका भित्र रहेका विद्यालयहरुले ऐन प्रारम्भ भएका मितिले १ महिनाभित्र समिति गठन गरिसक्नु पर्नेछ ।

स्पष्टीकरण :

क) अभिभावक भन्नाले विद्यालयमा अध्ययन गर्ने कक्षा १ देखि १२ सम्मका विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै, सगोलको दाजु, दिदि, भाउजुलाई जनाउदछ । तर व्यवस्थापन समिति गठन प्रयोजनको लागि एकाघरको बाबु, आमा, बाजे वा बज्यैलाई मात्र जनाउदछ ।

ख) बाबुआमा नभएमा सगोलको घर मुली वा लालन पालन र पठन पाठनको व्यवस्था मिलाउने एकाघरको जो कोहि एकजना व्यक्तिलाई जनाउदछ । तर अनाथ, टुहुरा, मावल वा अर्काको घरमा बसी कामकाज गरि अध्ययन गर्नेको हकमा भने बसोबास तथा लालन पालन र पठन पाठनको व्यवस्था मिलाउने व्यक्तिलाई जनाउदछ ।

**२४. विद्यालयको विनियमावली-**

क) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरेर सामुदायिक विद्यालयले विनियमावली र सस्थागत विद्यालयले विधान तयार गरी अभिभावक सभाबाट पारित गराई लागू गर्नु पर्नेछ ।

ख) अभिभावक सभाले विधान आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ तर संस्थागत विद्यालयको हकमा शिक्षा ऐन, कम्पनी ऐन तथा गुठीसँग नबाझिने गरी संचालक, लगानीकर्ताहरुको सभाले विधान संसोधन गर्न सक्नेछ ।

ग) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक/प्राचार्य लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

घ) अध्यावधिक विधानको प्रमाणित प्रतिलिपि पारित भएको मितिबाट १५ दिन भित्र व्यवस्थापन समितिले गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

ङ) विद्यालयको विधान सार्वजनिक दस्तावेजको रुपमा रहनेछ, उक्त विधान विद्यालयको अनुमति लिएर जो कोहीले पनि हेर्न पाउनेछ ।

२५. वडा शिक्षा समितिः-

१) वडाभित्रका विद्यालयहरुको रेखदेख सञ्चालन संरक्षण संवर्धन तथा नियमन गर्न वडास्तरमा एक वडा समिति देहायबमोजिम गठन गरिनेछ ।

क) गाउँपालिकाका सम्वन्धित वडाका वडा अध्यक्ष एक जना -अध्यक्ष

ख) वडा समितिका सदस्यहरूमध्ये वडा समितिले तोकेको एक जना महिला -सदस्य

ग) सामुदायिक र संस्थागत विद्यालयको प्रधानाध्यापक बाट वडा समितिवाट छनौट भएका एक/एक जना गरी दुई जना -सदस्य

घ) सामुदायिक र संस्थागत विद्यालयबाट प्रतिनिधित्व हुने गरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष/संचालक मध्ये वडा समितिको बैठकले तोकेको दुई जना -सदस्य

ङ) वडा सचिव -सदस्य सचिव

२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ

क) वडाभित्रको शैक्षिक कार्यक्रमहरु कार्यान्वयनमा सहयोग गर्ने ।

ख) विद्यालयको लागि अर्थिक स्रोत जुटाउने र परिचालन गर्ने ।

ग) विद्यालयको सुपरीवेक्षणा तथा अनुगमन गर्ने गराउने र अनुगमनकोक्रममा अनियमितता भएको पाइएमा कारवाहीको लागि गाउँपालिकामा सिफारिश गरी पठाउने ।

घ) नयाँ विद्यालय खोल्ने अनुमतिको लागि निवेदनसाथ प्राप्त कागजात र स्थलगत अवस्था जाँचबुझ गरी औचित्यसहित सक्कलै कागजात गाउँपालिकामा सिफारिश गरी पठाउने ।

ङ) विद्यालयमा तह थप, कक्षा थप, बिषय थप गर्न, विद्यालय गाभ्न, नाम परिवर्तन गर्न, तह वा कक्षा घटाउन, स्थान परिवर्तन तथा विद्यालय बन्द गर्नका लागि औचित्यसहित सिफारिश गरी गाउँपालिका पठाउने ।

च) गुणस्तरीय शिक्षा विकासका लागि कार्यशाला तथा गोष्ठी सञ्चालन गर्ने ।

छ) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सघ गठनमा सहयोग गर्ने ।

ज) शिक्षा समिति तथा शिक्षा शाखाबाट निर्देशित अन्य कार्यहरु गर्ने ।



बैजु प्रसाद गुप्तादिपका
अध्यक्ष
...लीनन्दन गाउँपालिका

२६. गाउँपालिका शिक्षा विकास कोषः-

१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि गाउँपालिका स्तरमा एक गाउँ शिक्षा विकास कोष रहनेछ ।

२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

घ) गाउँपालिकामा स्थापित शैक्षिक विकास कोषको रकम,

ङ) सहयोगबाट प्राप्त रकम,

च) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट प्राप्त रकम,

छ दातृ निकायबाट

ज) अन्य स्रोतबाट प्राप्त रकम ।

२७. कोष सञ्चालक समितिः-

क) कोष सञ्चालक समिति संघीय शिक्षा ऐनमा तोकिए बमोजिम हुनेछ ।

ख) उपदफा (क) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२८. विद्यालय कोषः-

१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा दहोय बमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

ख) गाउँपालिकका शिक्षा कोषबाट प्राप्त अनुदान,

ग) शुल्क तथा सहयागेबाट प्राप्त रकम,

घ) सहयोग वा दान दातव्यबाट प्राप्त रकम र

ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र व्यवस्थापन, लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

२९. निर्देशन दिन सक्नेः-

१) कार्यपालिकाले शिक्षा समिति र विद्यालय व्यवस्थापनसमितिलाई तोकिएको क्षेत्रसँग सम्बन्धित बिषयमा आवश्यक निर्देशनहरू दिन सक्नेछ ।

२) शिक्षा शाखाले तोकिएको क्षेत्रसङ्ग सम्बन्धित बिषयमा आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकहरुलाई दिन सक्नेछ ।

३) उपदफा (१) र (२) बमोजिम दिइएको निर्देशनको पालना गर्नु गाउँ शिक्षा समिति व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकहरुको कर्तव्य हुनेछ ।

३०. गाउँपालिकाले विद्यालय खोल्न, कक्षा थप, तह थप, बिषय थप, तह वा कक्षा घटाउन, सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः-

१) शिक्षा समितिको राय तथा सिफारिसमा गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र विद्यालय खोल्न, कक्षा थप, तह थप, बिषय थप, वा कुनै विद्यालयको कुनै तह हटाउन वा कुनै कक्षाको संचालन अनुमति रद्ध गर्न सक्नेछ । त्यसैगरी हाल सञ्चालन भइरहेको कुनै विद्यालयलाई विद्यार्थी संख्या, सेवा क्षेत्रको जनसंख्याको आधारमा एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न, वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न अनुमति वा स्वीकृति प्रदान गर्न सक्नेछ ।

२) उपदफा (१) सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. विद्यालयको सम्पत्तिः- बिद्यालयको सम्पत्ति देहाय बमोजिम हुनेछ ।

क) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सावर्जनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाको सम्पत्ती हुनेछ । उक्त सम्पति आवश्यकताको आधारमा विद्यालयलाई हस्तान्तरण गर्न सकिनेछ ।

ख) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइने छैन ।

ग) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा कायम रहनेछ ।

घ) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान-दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकामार्फत नेपाल सरकारको अनिवार्य पूर्व स्वीकृति लिनु पर्नेछ ।

ङ) नेपाल सरकारको वा गाउँपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको गाउँपालिकाको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

३२. विद्यालयलाई छुट र सुविधाः-

क) प्रचलित कानुनमा जुन सुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

ख) उपदफा (क) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तथा गाउँपालिकाले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

ग) सामुदायिक विद्यालमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धी स्तर बृद्धि गर्न र विद्यालय स्रोतबाट तलव, भत्ता खाने गरी नियुक्ति गरिएका शिक्षक/कर्मचारीको पारिश्रमिकको खर्च जुटाउने गरी विद्यालयले आफ्नो स्रोतमा निमार्ण गरेको आयआर्जन हुने सम्पत्तिहरु जस्तै, माछापोखरी,सटरहरु आदीको विविध कर र विद्यालयको जग्गा मालपोत (तिरो) दस्तुर छुट हुनेछ । तर यस्ता कार्य गर्दा गाउँपालिकाबाट पूर्व स्वीकृती लिनुपर्नेछ ।

घ) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

बैजु प्रसाद गुप्ता(दिपक)
अध्यक्ष
पाल्हीनन्दन गाउँपालिका

३३. **अनुमति वा स्वीकृति रद्द गर्नेः-** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा गाउँपालिकाले दिएको निर्देशन विपरीत अन्य कुनै काम गरेमा गाउँपालिकाले तोकिएको प्रक्रिया पूरा गरी त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

३४. **विद्यालयको वर्गीकरणः-** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

३५. **विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नु पर्नेः-**

१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुनेनदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछ ।

३६. **शुल्कसम्बन्धी व्यवस्थाः-**

१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

१क) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले दान, उपहार सहयोग सामुदायिक विद्यालयलाई दिन सक्नेछ ।

१ख) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

१ग) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

२) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

४) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधको आधारमा दिइनेछ ।

६) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

७) सस्थागत विद्यालयले दश प्रतिशत छात्रवृत्ति गरीब तथा जेहन्दार विद्यार्थीलाई उपलब्ध गराउनु पर्नेछ ।

८) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयासँम्म जरिवाना गर्न सक्नेछ ।

३७. **शिक्षकको पेशागत महासंघसम्बन्धी व्यवस्थाः-** सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न गाउँ क्षेत्रभित्र तोकिए बमोजिम एक शिक्षक महासंघ रहनेछ ।

३८. **शिक्षक तथा कर्मचारीको पदीय आचारणसम्बन्धी व्यवस्थाः- शिक्षकहरु उच्च आदर्शले प्रेरित भइ सिकाइ सहजीकरण कार्यमा सम्लग्न हुनुपर्नेछ ।**

१) शिक्षक वा कर्मचारीलाई देहायका अवस्थामा पदबाट हटाइनेछः

क) पदीय दायित्व पूरा नगरेमा,

ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारी सदस्य रहेको पाइएमा,

छ) विद्यार्थीलाई शारीरिक, मानसिक यातना दिने वा यौनजन्य दूर्व्यवहार गरेमा

तर कार्यरत् पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका प्रदान गरिनेछ ।

३९. **स्थायी आवासीय अनुमति लिन नहुनेः-** सामुदायिक विद्यालयमा कार्यरत् शिक्षक वा कर्मचारीहरूले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई दिइने दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

४०. **शैक्षिक योग्यताः-** विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता संघीय शिक्षा ऐनमा तोकिए बमोजिम हुनेछ

४१. **शिक्षक विद्यार्थीको अनुपातः-** गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

४२. **शिक्षकलाई अन्य काममा लगाउन नहुनेः-**

१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनसम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

४३. **अदालतको आदेशबाट पुनः बहाली हुन सक्नेः-**

१) विभागीय सजाय भइ नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा फौसलाबमोजिम मात्र नोकरिमा पुनः बहाली हुन सक्नेछ ।

२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

वैजु प्रसाद गुप्ता(दिपक)
अध्यक्ष
पाल्हीनन्दन गाउँपालिका

४४. शिक्षक छनौट समिति

१ सामुदायिक विद्यालयमा प्रधानाध्यपक तथा करारमा शिक्षक तथा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न वा सस्थागत विद्यालयमा शिक्षक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहायका पदाधिकारिहरुसहितको एक शिक्षक छनौट समिति रहनेछ

| | |
|---|---|
| क विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य | अध्यक्ष |
| ख शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा अधिकृत | सदस्य |
| ग नगरपालिकामा सूचिकृत भएका बिषय बिशेषज्ञ २ जना | सदस्य |
| घ प्रधानाध्यापक | सदस्य सचिव |

२ शिक्षक छनौटका लागि गाउँपालिकामा सूचिकृत भएका बिषय बिशेषज्ञबाट प्रश्न पत्र निर्माण गराइ परीक्षा तथा अन्तरवार्ता सञ्चालन गरिनेछ ।

३ बिशेष परिस्थिति श्रृजना भएमा अर्को पालिका वा अर्को जिल्लाबाटसमेत बिषय बिशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

४ शिक्षक सेवा आयोग तथा शिक्षा तथा मानव विकास केन्द्रले शिक्षक छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण तथा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस् मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ ।

४५. करारमा शिक्षक नियुक्तिसम्बन्धी व्यवस्था

१) नेपाल सरकारको स्वीकृत रिक्त दरबन्दीमा स्थायी शिक्षक नियुक्त हुन नसकी तथा रिक्त रहेको राहत शिक्षक दरबन्दीमा तत्काल करार शिक्षक नियुक्ति गर्नु पर्ने भएमा विद्यालय व्यवस्थापन समितिले निर्णय गरी विज्ञापनका लागि शिक्षा शाखाबाट अनुमति लिनु पर्नेछ । यसरी अनुमति प्रदान गर्दा शिक्षा शाखाले शिक्षक सेवा आयोगले प्रकाशित गरेको करार सूचिको योग्यताक्रमका आधारमा उम्मेदवारलाई नियुक्ति दिने व्यहोरा उल्लेख गरी बिज्ञापन गर्ने अनुमति दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम विज्ञापन गर्दा यदी कुनै करार सूचिका उम्मेदवारको तोकिएको समयभित्र दरखास्त नपरेमा शिक्षक छनौट समितिले अन्य खुलाबाट दरखास्त दिएका उम्मेदवारहरुमध्येबाट तोकिएअनुसार लिखित परीक्षा तथा अन्तरवार्ता लिई सफल उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिमा नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ ।

३) शिक्षण सिकाइ अनुदान र गाउँपालिकाको अनुदानमा शिक्षक नियुक्ति गर्नु पर्दासमेत दफा ४३ को उपदफा १ को समितिले तोकिएको प्रक्रिया अपनाइ शिक्षक छनौट गरी नियुतिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्न सक्नेछ ।

४) उपदफा (२) बमोजिम सिफारिस भएको उम्मदवारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्त दिई नियुक्ति समर्थन तथा अभिलेखीकरणका लागि शिक्षा शाखामा लेखी पठाउनु पर्नेछ ।

४६. शिक्षकको नियुक्ति र सरूवा:-

१) स्थायी शिक्षकको नियुक्ति तथा पदस्थापना संघीय शिक्षक सेवा, आयोग तथा प्रादेशिक शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

२) गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा दरबन्दीमा कार्यरत स्थायी शिक्षकले सरूवा हुनका लागि कार्यरत् विद्यालयको व्यवस्थापन समिति र सरूवा भइ जाने विद्यालय व्यवस्थापन समितिको सहमति पत्रसहित शिक्षा शाखामा आवेदन दिनु पर्नेछ । प्राप्त आवेदनमाथि जाँचबुझ गर्दा सरुवा गर्न उपयुक्त देखिएमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी विषयगत दरवन्दी समेतको आधारमा शिक्षा समितिको निर्णयबाट तोकिएकोअधिकारीले रिक्त दरवन्दीमा सरूवा गर्न सक्नेछ ।

३) शिक्षा समितिले दरबन्दी मिलानको क्रममा समान तहको स्थायी, अस्थायी तथा राहत शिक्षक बीच सरुवा गर्न सक्नेछ ।

४) विध्यालयमा कार्यरत प्रधानाध्यापक/शिक्षक (स्थायी, अस्थायी, करार, राहत तथा गा.पा. अनुदान), कर्मचारीहरुलाई सरुवा नगरी नहुने अवस्थामा सम्बन्धित शिक्षक र विद्यालयको सहमति बेगर पनि शिक्षा समितिले आफ्नो क्षेत्र भित्रको अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ ।

४७. दरवन्दी मिलानः-

१ तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा शिक्षा अधिकारीको सिफारिसमा शिक्षा समितिले तोकिएको प्रकृया पूरा गरी दरबन्दी मिलान गर्न सक्नेछ।

२ संघीय तथा प्रदेश सरकारबाट जारी गरिएको दरबन्दी मिलानसम्बन्धी कार्यविधिसमेतको आधारमा दरबन्दी मिलान गर्न सकिनेछ ।

४८. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः-

१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित, जनजाति, जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको अध्यक्ष, विद्यालयको प्रधानाध्यापक, शिक्षा अधिकारी वा निजको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

३) समितिले छनौटको लागि आधार, शर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक गरी छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

४९. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः- दफा ४१ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधी निजको सेवामा समेत गणना हुने छैनै ।

५०. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः-

१) सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछन्।

२) उपदफा (१) बमोजिमका प्रधानाध्यापकको नियुक्ति, सेवाको सर्त र सुविधासम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) माध्यमिक तहको हकमा स्नातकोत्तर उपाधि प्राप्त वा सो नभएमा स्नातक योग्यता प्राप्त र आधारभूत तहको हकमा स्नातक उपाधि प्राप्त वा सो नभएमा योग्यताको आधारमा जेष्ठ स्थायी शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिले निमित्त प्रधानाध्यापकको नियुक्ति गरि शिक्षा शाखामा जानकारी गराउनु पर्नेछ ।

ख) प्रधानाध्यापकको नियुक्ति पुर्व पाँच वर्षे बिद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

ग) प्रधानाध्यापकले प्रभावकारी रुपमा विद्यालयको कार्यसम्पादन गर्न नसकेमा, विद्यालयको रकम हिनामिना गरेमा वा प्रधानाध्यापकको कार्य क्षमता माथि प्रश्न चिन्ह उठेमा शिक्षा समितिले त्यस्तो प्रधानाध्यापकलाई जिम्मेवारीबाट हटाइ आफ्नो क्षेत्र भित्रका योग्यता पुगेका शिक्षकलाई प्रधानाध्यापकको जिम्मेवारी दिई पठाउन सक्नेछ । तर जिम्मेवारीबाट हटाउनु अघि त्यस्ता प्रधानाध्यापकलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बन्चित गरिने छैन ।

घ) विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

३) यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र सामुदायिक विद्यालयका सबै प्रधानाध्यापकहरुले गाउँपालिकासङ्ग विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धीका लागि करार सम्झौता गर्नु पर्नेछ । करार सम्झौताको अवधि ३ वर्षको हुनेछ ।

४) नमुना कार्यक्रम संचालन भएको विद्यालयको प्रधानाध्यापकको छनौट तोकिए बमोजिम हुनेछ ।

**५१. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः-**

क) कुनै पनि बालबालिकालाई तोकिएको अवस्थामा बाहेक विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

ख) विद्यालयमा अध्ययनरत् बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**५२. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः-**

१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि शैक्षिक कार्यक्रम शैक्षिक परामर्श सेवा, बिज्ञ कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउनेछैन ।

२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम शैक्षिक परामर्श सेवा, बिज्ञ कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**५३. लेखा परीक्षण तथा सामाजिक परीक्षण**

१) गाउँपालिकाअन्तरगत सञ्चालित सवै सामुदायिक विद्यालयहरुले तोकिएको लेखा परीक्षकबाट आर्थिक वर्ष पुरा भएको मितिले ३ महिनाभित्र लेखा परीक्षण गराई प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

२) सस्थागत विद्यालयको हकमा पनि सम्बन्धित विद्यालयले रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराई सोको प्रतिवेदन अनिवार्यरुपमा गाउँपालिकामा पठाउनु पर्नेछ ।

३) सबै विद्यालयहरुले प्रत्येक वर्षको भदौ महिनाभित्र सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय शैक्षिक उपलब्धी विद्यालयको आन्तरिक गतिविधि पारदर्शिता एवं जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षणमार्फत सार्वजनिक एवं अनुमोदन गराउनु पर्नेछ ।

उपदफा १ र २ बमोजिम लेखा परीक्षकले लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएका विषयहरुलाई तोकिएअनुसार कार्यान्वयन गरिनेछ ।

५४. **प्रगति विवरण बुझाउनु पर्नेः-** सस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण तोकिएको समय भित्र कार्य योजना सहितको प्रगति विवरण गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

५५. **पुरस्कार तथा दण्ड सजायः-**

**क) पुरस्कारः**

१) गाउँपालिकाले प्रत्येक वर्ष गाउँपालिका भित्रका उत्कृष्ट विद्यालय, विद्यार्थी, शिक्षक, कर्मचारी र समितिलाई सम्मान र पुरस्कार दिन सक्नेछ ।

२) गाउँपालिकाले शिक्षक, कर्मचारीलाई कार्यसम्पादनको आधारमा थप सेवा सुविधा दिन सक्ने छ ।

**ख) दण्ड सजायः**

१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

१क) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी रू. एकलाख रूपैयाँ जरिवाना वा ६ महिना कैद वा दुवै सजाय हुन सक्नेछ ।

क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

झ) कानुन विपरीतको अन्य कार्य गरेमा,

१ख) कानुन बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

२) उपदफा १ र १क मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐनअन्तरगत बनेको नियम उल्लंघन गरेमा तोकीएको अधिकारिले देहायबमोजिम सजाय गर्न सक्छः

क) विद्यार्थीलाई विद्यालय वा छात्रवास वा परीक्षाबाट निष्काशन गर्ने,

ग) कसुरको मात्रा हेरी एक हजार रुपियाँदेखि पच्चीस हजार रुपियाँसम्म जरिवाना गर्ने,

घ) विद्यालयलाई गाउँपालिकाको सहायता घटाउने, रोक्ने, वा बन्द गर्ने,

ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

५६. **मुद्दा हेर्ने अधिकारी**:- यो ऐन वा यस ऐन अन्तरगत वनेको नियम बमोजिम सजाय गर्ने अधिकार अध्यक्षलाई हुनेछ

५७. **पुनरावेदन**:- अध्यक्षले गरेको सजायको आदेश उपर जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

५८. **नियम बनाउने अधिकार**:-

१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक अन्य बिषयमा नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

५९. **संक्रमणकालीन व्यवस्था**:-

क) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म संघीय शिक्षा नियमावली बमिजिम हुनेछ ।

ख) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा करार शिक्षकको विज्ञापनको अनुमति शिक्षा शाखा प्रमुखले दिन सक्नेछ ।

६०. **बाधा अडकाउ फुकाउने अधिकार**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने निर्णय गरी स्थानीय राजपत्रमा सूचना प्रकाशित गर्नु पर्नेछ र यसै सूचनालाई नै ऐनको अङ्ग मानिनेछ ।

६१. **बचाउँ र लागू नहुने**:

१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

३) यस ऐनका दफा तथा उपदफाहरू संविधानसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः निस्कृय हुनेछ ।

४) साझा अधिकारका सम्वन्धमा संघीय शिक्षा ऐन, प्रादेशिक शिक्षा ऐनले व्यवस्था गरे अनुसार हुनेछ । यस ऐनमा उल्लेख भएका व्यवस्थाहरु संघीय शिक्षा ऐन तथा प्रदेश शिक्षा ऐनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

५) यस अघि कानुन वमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानुन वमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन ।

६) यस अघि भए गरेका शिक्षा सम्बन्धी गतिबिधि यसै बमोजिम भएको मानिनेछ ।

७) पाल्हिनन्दन गाउँपालिकाको शिक्षा नियमावली २०७७ खारेज गरिएको छ ।

गाउँसभाबाट पारित मितिः २०७९/०३/२८

तेज प्रसाद गुप्ता (दिपक)
अध्यक्ष
पाल्हिनन्दन गाउँपालिका

आज्ञाले
प्रमुख प्रशासकिय अधिकृत